# गुठी संस्थान प्रधान कार्यालय

## मूल्यांकन बढुवा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।७८)

लोकसेवा आयोगबाट प्राप्त सहमती समेतको आधारमा गुठी संस्थानको निम्न पद, सेवा समूहमा रिक्त रहेका देहायका पदहरु पदपूर्ति गर्न गुठी संस्थान कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियम, २०५१ (छैठौं संसोधन सहित) को विनियम ४० अनुसार मूल्यांकन बढुवा गर्नुपर्ने भएकोले सोही विनियमको विनियम ३८ बमोजिम न्यूनतम सेवा अवधि पूरा भएका, आ.व. २०७५।०७६ सम्मको कार्य सम्पादन मूल्यांकन फाराम भरि सकेका, विनियम १०(३) बमोजिम शैक्षिक योग्यता भएका र विनियम ३९ बमोजिम अयोग्य नभएका सम्भाव्य कर्मचारीहरुले संस्थानको आन्तरिक व्यवस्था तथा अनुगमन शाखाबाट दरखास्त फाराम खरिद गरि हाल बहाल रहेको पदको नियुक्ति पत्रको प्रतिलिपी, नेपाली नागरीकताको प्रमाणपत्र र शैक्षिक योग्यता लगायत तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रका प्रतिलिपीहरु समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सोही शाखामा दरखास्त फाराम बुझाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछि लगतै कार्यालय खुलेको दिन अन्तिम दिन कायम गरिनेछ। तोकिएको म्यादभित्र रितपूर्वक दर्ता नभएका फाराम उपर बढुवा सम्बन्धी कारवाही गरिने छैन र पछि कुनै किसिमको उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

यो सूचना संस्थानको website: www.guthisansthan.org.np बाट पनि हेर्न सकिने छ।

| क.स. | विज्ञापन नं | पदको नाम | श्रेणी | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १६।०७६।०७७ | सह-प्रशासक | अधिकृत प्रथम | प्रशासन | प्रशासन | १ |
| २ | १७।०७६।०७७ | उप-प्रशासक | अधिकृत द्वितिय | प्रशासन | प्रशासन | ३ |
| ३ | १८।०७६।०७७ | सहायक प्रशासक | अधिकृत तृतिय | प्रशासन | प्रशासन | १ |
| ४ | १९।०७६।०७७ | सहायक प्रशासक | अधिकृत तृतिय | प्रशासन | लेखा | १ |
| ५ | २०।०७६।०७७ | बरिष्ठ सहायक | सहायकप्रथम | प्रशासन | प्रशासन | ३ |

**अध्यक्ष** पदपूर्ति समिति